# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

केन्द्रीय कार्यालय

मानव संशाधन विभागको

## Online दरखास्त फाराम भर्नेसम्बन्धी सूचना

(प्रकाशित मिति : २०७४।०६।०६)

यस बैंकमा रिक्त रहेका निम्न तह र पदमा लोकसेवा आयोगको सहमति अनुसार खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका तथा कुनै बात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकबाट मिति २०७४।०६।०८ गतेदेखि Online दरखास्त फाराम भर्न आह्वान गरिएको छ । बैंकले तोकेको Online दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरू भरी सो साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपालबाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, अनुभव आवश्यक हुने पदका लागि अनुभवको प्रमाणपत्र र पासपोर्ट साइजको फोटो अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ । नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानमा कार्यरत उम्मेदवारहरूले विभागीय स्वीकृतिसमेत अनिवार्यरूपमा Scan गरी Attach गर्नुपर्नेछ ।

रीत नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका Online दरखास्तउपर कुनै कारवाही हुने छैन । साथै नेपाल सरकार वा कुनै संगठित संस्था वा बैंक/वित्तीय संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको, नेपाल राष्ट्र बैंकले जारी गरेको नियमन तथा निर्देशन अनुसार बैंक/वित्तीय संस्थाको कुनै पदमा नियुक्ति हुन अयोग्य हुने भनी तोकिएको व्यक्ति, बैंक/वित्तीय संस्थाको ऋण नतिरी कालो सूचीमा परेको व्यक्ति, तोकिएको पदमा तोकिएको उमेर नपुगेको वा नाघेको व्यक्ति र मानसिक सन्तुलन ठीक नभएको उम्मेदवारहरूको दरखास्तउपर कुनै कारबाही हुने छैन । झुटा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयं हुनुपर्नेछ ।

१) विज्ञापन नं. तह, पद, सेवा, समूह र आवश्यक पद संख्या :

| सि. नं. | विज्ञापन नं. | तह | पद | सेवा | समूह | पद संख्या | खुला | समावेशी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. |
| १ | १।०७४।७५ | १० | मुख्य प्रबन्धक | प्रशासन | प्रशासन | १ | – | १ | – | – | – | – | – |
| २ | २।०७४।७५ | ९ | वरिष्ठ प्रबन्धक | प्रशासन | प्रशासन | २ | १ | – | १ | – | – | – | – |
| ३ | ३।०७४।७५ | ८ | प्रबन्धक | प्रशासन | प्रशासन | ४ | २ | – | १ | १ | – | – | – |
| ४ | ४।०७४।७५ | ८ | प्रबन्धक (सूचना प्रविधि) | प्रशासन | सूचना प्रविधि | १ | – | १ | – | – | – | – | – |
| ५ | ५।०७४।७५ | ७ | उप-प्रबन्धक | प्रशासन | प्रशासन | ८ | ५ | १ | १ | – | १ | – | – |
| ६ | ६।०७४।७५ | ७ | उप-प्रबन्धक (लेखा) | प्रशासन | लेखा | ५ | २ | १ | १ | १ | – | – | – |
| ७ | ७।०७४।७५ | ६ | सहायक प्रबन्धक | प्रशासन | प्रशासन | ८५ | ४७ | १३ | ११ | ८ | ३ | १ | २ |
| ८ | ८।०७४।७५ | ६ | सहायक प्रबन्धक(कानून) | प्रशासन | कानून | ६ | ३ | १ | १ | १ | – | – | – |
| ९ | ९।०७४।७५ | ६ | सहायक प्रबन्धक(इञ्जिनियर) | प्रशासन | इञ्जिनियरिङ्ग | ३ | २ | १ | – | – | – | – | – |
| १० | १०।०७४।७५ | ६ | सहायक प्रबन्धक (लेखा) | प्रशासन | लेखा | १६ | ९ | २ | २ | २ | १ | – | – |
| ११ | ११।०७४।७५ | ६ | सहायक प्रबन्धक (कृषि) | प्रशासन | कृषि | ७ | ४ | १ | १ | १ | – | – | – |
| १२ | १२।०७४।७५ | ५ | वरिष्ठ सहायक | प्रशासन | प्रशासन | ५६ | ३१ | ८ | ७ | ६ | २ | १ | १ |
| १३ | १३।०७४।७५ | ५ | वरिष्ठ सहायक (नगद) | प्रशासन | नगद | ३० | १६ | ५ | ४ | ३ | १ | १ | – |
| १४ | १४।०७४।७५ | ५ | वष्ठि सहायक(कम्प्यूटर अपरेटर) | प्रशासन | सूचना प्रविधि | ६ | ४ | १ | – | – | १ | – | – |
| १५ | १५।०७४।७५ | ४ | सहायक | प्रशासन | प्रशासन | २४६ | १३६ | ३७ | २९ | २४ | १० | ६ | ४ |
| १६ | १६।०७४।७५ | ४ | सहायक (नगद) | प्रशासन | नगद | ४० | २२ | ६ | ५ | ४ | १ | १ | १ |
| १७ | १७।०७४।७५ | ४ | सहायक (कम्प्यूटर) | प्रशासन | सूचना प्रविधि | ५५ | ३० | ८ | ७ | ६ | २ | १ | १ |

(२) सेवाको किसिम :– स्थायी ।

(३) आवश्यक न्यूनतम शैक्षिक योग्यता :–

(क) मुख्य प्रबन्धक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट मानविकी संकायमा मूल विषय अर्थशास्त्र लिई प्रथम श्रेणीमा स्नातकोत्तर वा व्यवस्थापनतर्फ प्रथम श्रेणीमा स्नातकोत्तर वा कुनै प्राविधिक विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर स्तरको उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत तहमा १० वर्षको अनुभव भएको ।

(ख) वरिष्ठ प्रबन्धक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा मानविकी संकायमा मूल विषय अर्थशास्त्र लिई प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत तहमा कम्तीमा ८ वर्षको अनुभव भएको ।

(ग) प्रबन्धक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा मानविकी संकायमा मूल विषय अर्थशास्त्र लिई प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थामा अधिकृत तहमा कम्तीमा ६ वर्षको अनुभव भएको ।

(घ) प्रबन्धक (सूचना प्रविधि) पदका लागि : १. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर (Computer) वा कम्प्यूटर साइन्स (Computer Science) वा कम्यूनिकेशन (Communication) वा सूचना प्रविधि (Information Technology) विषयमा स्नातकोत्तर तहको योग्यता हासिल गरेको ।

२. Minimum 8 years working experience in Banking software which includes,

a) At least 5 years working experience as a IT officer in commercial Bank,

b) At least 3 years working experience as a Banking software developer in any IT Company. Which has been been supplying It's Sofrware for commercial Bank.

(ङ) उप–प्रबन्धक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा मानविकी संकायमा मूल विषय अर्थशास्त्र लिई प्रथम श्रेणीमा स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय सस्थामा अधिकृत तहमा कम्तीमा ५ वर्षको अनुभव भएको ।

(च) उप–प्रबन्धक (लेखा) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको ।

(छ) सहायक प्रबन्धक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट मानविकी संकायमा मूल विषय अर्थशास्त्र लिई स्नातकोत्तर वा व्यवस्थापन संकायतर्फ स्नातकोत्तर उपाधि हासिल गरेको ।

(ज) सहायक प्रबन्धक (कानून) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून संकायतर्फ स्नातकोत्तर उपाधि हासिल गरेको ।

(झ) सहायक प्रबन्धक (इञ्जिनियर) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरी इञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको । यस पदकालागि स्नातक तथा स्नातकोत्तर तह दुवैको ट्रान्सकृप्ट अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(ञ) सहायक प्रबन्धक (लेखा) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी कोर्षको पहिलो खण्ड (इण्टरमिडियट) तथा आर्टिकलसिप पूरा गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट मानविकी संकायमा मूल विषय अर्थशास्त्र वा व्यवस्थापन संकायमा वा विज्ञान संकायमा कम्तीमा स्नातक उपाधि हासिल गरेको । यस पदकालागि चार्टर्ड एकाउण्टेन्सी कोर्ष इण्टरमिडियटको मार्कसिट, आर्टिकलसिपको प्रमाणपत्र र स्नातक स्तरको ट्रान्सकृप्ट अनिवार्यरूपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(ट) सहायक प्रबन्धक (कृषि) पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

(ठ) वरिष्ठ सहायक तथा वरिष्ठ सहायक (नगद) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा मानविकी संकायमा मूल विषय अर्थशास्त्र वा वाणिज्यशास्त्रमा स्नातकस्तर उपाधि हासिल गरेको ।

(ड) वरिष्ठ सहायक (कम्प्यूटर अपरेटर) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर (Computer) वा कम्प्यूटर साइन्स (Computer Science) वा कम्यूनिकेशन (Communication) वा सूचना प्रविधि (Information Technology) विषयमा स्नातक स्तरको उपाधि हासिल गरेको ।

(ढ) सहायक तथा सहायक (नगद) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ (१० जोड २) वा सो सरहको उपाधि हासिल गरेको ।

(ण) सहायक (कम्प्यूटर) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एक विषय कम्यूटर लिई १०+२ (१० जोड २) वा सो सरहको उपाधि हासिल गरेको ।

(४) दरखास्तको आधार :– समावेशी समूहको लागि छुट्याइएको पदमा online दरखास्त दिने उम्मेदवारले देहायको आधारमा दरखास्त दिनुपर्नेछ ।

(क) आदिवासी / जनजातिका हकमा नेपाल आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीको आधारमा, तर नेपाल आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्यरूपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(घ) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउंपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्यरूपमा Scan गरी Attach गर्नु पर्नेछ ।

(५) तलब तथा अन्य सुबिधा :– बैंकको प्रचलित नियम अनुसार ।

(६) उम्मेदवारको उमेर :– Online दरखास्त दिने अन्तिम मिति (अर्थात् २०७४।०७।०६ गते) सम्ममा (क) तह १० का लागि ३५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको । (ख) तह ६, ७, ८ र ९ का लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । (ग) अन्य सहायक स्तर तह ४ र ५ का लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । (तह ४, ५, ६, ७, ८ र ९ का लागि महिला उम्मेदवारको उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको ।)

(७) उमेरको हद :– तह १० बाहेकका अन्य पदकालागि यस बैंकको बहालवाला स्थायी कर्मचारीहरूलाई उमेर को हद लाग्ने छैन ।

(८) उम्मेदवारको छनोट विधि :– तह ४ र ५ का लागि लिखित तथा अन्तर्वार्ता, तह ६, ७, ८, ९ र १० का लागि लिखित प्रस्तुतीकरण परीक्षा तथा अन्तर्वार्ता ।

(९) अन्य सेवा सर्त :– राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, कर्मचारी सेवा बिनियमावली, २०७० बमोजिम ।

(१०) परीक्षणकाल अवधि : महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

(११) पदस्थापन :– उपरोक्त विज्ञापन अनुसार नियुक्त हुने कर्मचारीहरूलाई केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय र शाखा कार्यालयहरूमा काम गर्ने गरी पदस्थापन गरिनेछ ।

(१२) परीक्षा दस्तुर :–

(क) तह १० को लागि रू. १०००।–(एक हजार) ।

(ख) तह ६, ७, ८ र ९ को खुला समूहका लागि रू.७००।–(सात सय) र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रू.२००।– (दुई सय) । (कुनै एक समावेशी समूहकालागि मात्र भरेमा रू. ७००।– (सात सय) तथा एकभन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रू.२००।– (दुई सय) ।

(ग) तह ४ र ५ को खुला समूहका लागि रू.५००।– (पाँच सय) र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रू.१००।– (एक सय) । (कुनै एक समावेशी समूहकालागि मात्र भरेमा रू. ५००।– (पांच सय) तथा एक भन्दा बढी समावेशी समूहमा भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रू.१००।–(एक सय) ।

(१३) परीक्षा दस्तुर बुझाउने प्रक्रिया :- Online दरखास्त फाराम Submit गरे पश्चात् प्राप्त हुने Application Number अनुरूप बुझाउनुपर्ने परीक्षा दस्तुर यस बैंकको नजिकको शाखा कार्यालयमा “आम्दानी अन्य” को “अन्य” लेखा कोड नम्बर ९५९९०२००० हिसाबमा जम्मा गर्नुपर्नेछ । Application Number र नाम उल्लेख नगरिएको तथा तोकिए बमोजिमको रकम जम्मा नगरेको Online दरखास्त फाराम रीतपूर्वकको नभएको मानिनेछ ।

(१४) एकभन्दा बढी विज्ञापनमा Online दरखास्त फाराम भर्दा अलग अलग Application Number प्राप्त हुने हुनाले रकम जम्मा गर्दा समेत अलग अलग भौचरमा Application Number र नाम उल्लेख गरी जम्मा गर्नुपर्नेछ ।

(१५) Online दरखास्त फाराम भर्ने मिति:– Online दरखास्त फाराम सुरू हुने मिति २०७४।०६।०८ गतेले ३० दिन (अर्थात् मिति २०७४।०७।०६ गते) भित्र र दोब्बर दस्तुर तिरी थप ७ दिन (अर्थात् मिति २०७४।०७।१३ गते) भित्र ।

(१६) परीक्षा हुने स्थान र मिति :– पछि सूचना प्रकाशित गरिनेछ ।

(१७) Online दरखास्त फाराम भर्न राष्ट्रिय वाणिज्य बैंकको Website: www.rbb.com.np को Notice भित्र Career Notice मा गई तहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

(१८) लिखित परीक्षाको पाठ्यक्रम राष्ट्रिय वाणिज्य बैंकको Website: www.rbb.com.np को Notice भित्र Career Notice मा राखिएको छ ।

(१९) उपरोक्त पदहरूको लिखित परीक्षा लोकसेवा आयोगबाट सञ्चालन हुनेछ ।

(२०) आवेदन स्वीकृत, अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाई हुनेछ ।

(२१) Online दरखास्त फाराम भर्दा अस्पष्ट भएमा यस विभागको टेलिफोन नं. ०१४२५२५९५ एक्सटेन्सन नं. : ३५४०, ३५४५, ३५१७ र ३५१९ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**सदस्य सचिव**

**पदपूर्ति समिति**

---

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## मूल्याङ्कन बढुवाका लागि Online दरखास्त फाराम भर्ने सूचना

(प्रकाशित मिति : २०७४।०६।०६)

यस बैंकमा रिक्त रहेको तपसिलमा उल्लेखित पदहरूमा लोकसेवा आयोगको सहमति अनुसार कार्य सम्पादन मुल्याङ्कन, जेष्ठता, भौगोलिक कार्य क्षेत्र र शैक्षिक योग्यताको आधारमा मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्न यस बैंकको पदपूर्ति समितिको निर्णयानुसार मूल्याङ्कन गरी बढुवा गर्नुपर्ने भएकोले कर्मचारी सेवा विनियमावली, २०७० अनुसार २०७४ असार मसान्तसम्ममा विनियम (२१) बमोजिम न्यूनतम स्थायी सेवा अवधि पूरा भएका र विनियम (२३) बमोजिम बढुवाकालागि कुनै बन्देज नलागेका सम्बन्धित सेवा समूह भित्रका एक तह मुनिका सम्भाव्य उम्मेदवारहरूले मिति २०७४।०६।०८ गतेले ३० दिन अर्थात् २०७४।०७।०६ गतेभित्र यस बैंकले तोकेको ढाँचा अनुसारको मूल्याङ्कन बढुवाको दरखास्त फाराम Online मार्फत भर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकले तोकेको ढाँचामा बढुवाको लागि दरखास्त फाराम भर्ने बिवरणमा उल्लेखित विवरणहरू प्रमाणित हुने प्रमाणपत्रको प्रतिलिपि Scan गरी Attach गर्नुपर्नेछ । उक्त म्याद भित्र बैंकले तोकेको ढाँचामा बढुवाको लागि दरखास्त फाराम Online मार्फत नभरेमा सो समय पश्चात् बढुवाका लागि दरखास्त फाराम Online बाट भर्ने कुनै व्यवस्था नरहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | तह | पद | सेवा | समूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ३४।०७४।७५ | १० | मुख्य प्रबन्धक | प्रशासन | प्रशासन | ४ |
| २ | ३५।०७४।७५ | १० | मुख्य प्रबन्धक (लेखा) | प्रशासन | लेखा | १ |
| ३ | ३६।०७४।७५ | ९ | वष्ठि प्रबन्धक | प्रशासन | प्रशासन | ७ |
| ४ | ३७।०७४।७५ | ८ | प्रबन्धक | प्रशासन | प्रशासन | १६ |
| ५ | ३८।०७४।७५ | ८ | प्रबन्धक (सूचना प्रविधि) | प्रशासन | (सूचना प्रविधि) | २ |
| ६ | ३९।०७४।७५ | ७ | उप-प्रबन्धक | प्रशासन | प्रशासन | ३० |
| ७ | ४०।०७४।७५ | ७ | उप-प्रबन्धक (कानून) | प्रशासन | कानून | १ |
| ८ | ४१।०७४।७५ | ७ | उप-प्रबन्धक (लेखा) | प्रशासन | लेखा | ३ |
| ९ | ४२।०७४।७५ | ७ | उप-प्रबन्धक (कृषि) | प्रशासन | कृषि | १ |
| १० | ४३।०७४।७५ | ६ | सहायक प्रबन्धक | प्रशासन | प्रशासन | ५२ |
| ११ | ४४।०७४।७५ | ५ | वष्ठि सहायक | प्रशासन | प्रशासन | १११ |
| १२ | ४५।०७४।७५ | ५ | वष्ठि सहायक (कम्प्यूटर अपरेटर) | प्रशासन | (सूचना प्रविधि) | १२ |

नोट : उपरोक्त विज्ञापनका दरखास्त फाराम यस बैंकको Intranet को Notice मा गई Online भर्नु हुनेछ ।

**सदस्य सचिव**

**पदपूर्ति समिति**

---

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको Online दरखास्त फाराम भर्ने सूचना

(प्रकाशित मिति : २०७४।०६।०६)

लोकसेवा आयोगबाट प्राप्त सहमति तथा यस बैंकको पदपूर्ति समितिको निर्णयानुसारअनुसार यस बैंकमा रिक्त रहेको तपसिलमा उल्लेखित पदहरूमा कर्मचारी सेवा विनियमावली २०७० को विनियम ६ को उपविनियम १ (च) अनुसार एक तह मुनिका बढुवाको लागि विनियम (२१) बमोजिम न्यूनतम स्थायी सेवा अवधि पूरा भएका र विनियम (२३) बमोजिम बढुवाका लागि कुनै बन्देज नलागेका सम्भाव्य कर्मचारीहरूबाट आन्तरिक प्रतियोगितात्मक परीक्षा (लिखित तथा अन्तरवार्ता अधिकृत स्तरको हकमा प्रस्तुतीकरण समेत) द्वारा पदपूर्ति गर्नु पर्ने भएकाले तोकिएको म्यादभित्र Online मार्फत दरखास्त फाराम भर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । Online मार्फत फाराम नभरिएको वा रितपुर्वक नभएको उम्मेदवार परीक्षामा सामेल हुन नपाउने तथा तोकिएको म्याद भित्र Online मार्फत फाराम नभरेमा सो समय पश्चात Online मार्फत फाराम भर्ने कुनै व्यवस्था नरहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | तह | पद | सेवा | समूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | १८।०७४।७५ | १० | मुख्य प्रबन्धक | प्रशासन | प्रशासन | ५ |
| २ | १९।०७४।७५ | १० | मुख्य प्रबन्धक (लेखा) | प्रशासन | लेखा | २ |
| ३ | २०।०७४।७५ | १० | मुख्य प्रबन्धक (सूचना प्रविधि) | प्रशासन | सूचना प्रविधि | १ |
| ४ | २१।०७४।७५ | ९ | वरिष्ठ प्रबन्धक | प्रशासन | प्रशासन | ९ |
| ५ | २२।०७४।७५ | ९ | वरिष्ठ प्रबन्धक (सूचना प्रविधि) | प्रशासन | सूचना प्रविधि | १ |
| ६ | २३।०७४।७५ | ८ | प्रबन्धक | प्रशासन | प्रशासन | २० |
| ७ | २४।०७४।७५ | ८ | प्रबन्धक (कानून) | प्रशासन | कानून | १ |
| ८ | २५।०७४।७५ | ८ | प्रबन्धक (सूचना प्रविधि) | प्रशासन | (सूचना प्रविधि) | ३ |
| ९ | २६।०७४।७५ | ७ | उप-प्रबन्धक | प्रशासन | प्रशासन | ३८ |
| १० | २७।०७४।७५ | ७ | उप-प्रबन्धक (कानून) | प्रशासन | कानून | १ |
| ११ | २८।०७४।७५ | ७ | उप-प्रबन्धक (लेखा) | प्रशासन | लेखा | ४ |
| १२ | २९।०७४।७५ | ७ | उप-प्रबन्धक (कृषि) | प्रशासन | कृषि | २ |
| १३ | ३०।०७४।७५ | ७ | उप-प्रबन्धक (इञ्जिनियर) | प्रशासन | इञ्जिनियरिङ्ग | १ |
| १४ | ३१।०७४।७५ | ६ | सहायक प्रबन्धक | प्रशासन | प्रशासन | ६५ |
| १५ | ३२।०७४।७५ | ५ | वरिष्ठ सहायक | प्रशासन | प्रशासन | १११ |
| १६ | ३३।०७४।७५ | ५ | वरिष्ठ सहायक (कम्प्यूटर अपरेटर) | प्रशासन | (सूचना प्रविधि) | १२ |

१. परीक्षा दस्तुर : परीक्षा दस्तुर बापत तह ५ को रू.५००।– तह ६, ७, ८ र ९ को रू.७००।– र तह १० को रू.१०००।– यस बैंकको “आम्दानी अन्य” को “अन्य” लेखा कोड नम्बर ९५९९०२००० हिसावमा रकम जम्मा गरेको अर्धकट्टी भौचर Scan गरी Attach गर्नु पर्नेछ ।

२. दरखास्त फाराम यस बैंकको Intranet को Notice मा गई Online भर्नु हुनेछ ।

३. दरखास्त फाराम Online मार्फत म्यादभित्र Submit गर्नु पर्नेछ ।

४. Online दरखास्त फाराम भर्ने अन्तिम मिति : Online दरखास्त फाराम सुरू हुने मिति २०७४।०६।०८ गतेले ३० दिन (अर्थात मिति २०७४।०७।०६ गते) भित्र र दोब्बर दस्तुर तिरी थप ७ दिन भित्र (अर्थात् मिति २०७४।०७।१३ गते) सम्म भर्न सकिनेछ ।

५. परीक्षा मिति र परीक्षा केन्द्र : पछि प्रकाशित गरिने छ ।

६. उपरोक्त पदहरूको लिखित परीक्षा लोकसेवा आयोगबाट सञ्चालन हुनेछ ।

**सदस्य सचिव**

**पदपूर्ति समिति**